# सार्वजनिक सुनुवाई प्रतिवेदन

# २०८३

## दाश्रो चौमासिक

(कार्यक्रम मिति : २०८३-०१-१५ गते)




## शंखरापुर नगरपालिका, साँखु, काठमाडौं

# शंखरापुर नगरपालिकाको सार्वजनिक सुनवाई कार्यक्रम प्रतिवेदन-२०८३

## दोश्रो चौमासिक

### १. पृष्ठभुमि :

सुशासन, पारदर्शिता, जवाफदेहिता, जनसहभागिता तथा विधिको शासनलाई संस्थागत गर्न सार्वजनिक निकायहरूले आफ्ना सेवा, योजना तथा कार्यक्रमहरूको जानकारी नागरिकसमक्ष प्रस्तुत गर्ने र नागरिकका प्रतिक्रिया ग्रहण गर्ने अभ्यास लोकतान्त्रिक शासन प्रणालीको महत्वपूर्ण अंगका रूपमा स्थापित हुँदै आएको छ । विशेष गरी संघीय शासन प्रणाली तथा विकेन्द्रीकरणको अवधारणाअनुसार स्थानीय तहलाई विकास निर्माण, सेवा प्रवाह र स्थानीय व्यवस्थापनको प्रमुख आधारको रूपमा स्थापित गरिएकाले स्थानीय सरकारहरूलाई नागरिकप्रति अझ जिम्मेवार र उत्तरदायी बन्न आवश्यक देखिएको छ । यसै सन्दर्भमा नेपाल सरकारले जारी गरेका विभिन्न ऐन, नीति, नियम तथा कार्यविधिहरूले स्थानीय तहको सञ्चालन, व्यवस्थापन तथा सेवा प्रवाह प्रणालीलाई प्रभावकारी, पारदशी र नागरिकमैत्री बनाउन विशेष जोड दिएका छन ।

शंखरापुर नगरपालिकाले नागरिकप्रति उत्तरदायी, पारदशी तथा जनमैत्री स्थानीय सरकारको अभ्यासलाई प्रभावकारी बनाउने उद्देश्यले सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्दै आएको छ । सार्वजनिक सुनुवाई भन्नाले जनताका आवाज, सुझाव, गुनासा तथा जिज्ञासालाई प्रत्यक्ष रूपमा सुन्ने र सम्बन्धित शाखा, कार्यालय तथा निकायका प्रतिनिधिहरूले सोही स्थानमा आवश्यक जानकारी, स्पष्टिकरण तथा जवाफ प्रदान गर्ने सहभागितामूलक कार्यक्रमलाई जनाउँछ । यस कार्यक्रमले स्थानीय सरकार र नागरिकबीच विश्वास, सहकार्य तथा उत्तरदायित्वको सम्बन्धलाई अझ सुदृढ बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

शंखरापुर नगरपालिकाले पनि स्थानीय सरकार सञ्चालन ऐन, सुशासनका सिद्धान्त तथा नगरपालिकाको सार्वजनिक सुनुवाई कार्यविधि, २०७९ अनुसार प्रत्येक आर्थिक वर्षमा कम्तिमा तीन पटक सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छ । यस कार्यक्रममार्फत नगरपालिकाबाट प्रवाह भइरहेका सेवा, विकास निर्माणका गतिविधि, बजेट तथा कार्यक्रमको कार्यान्वयन अवस्था, भौतिक पूर्वाधार निर्माण, सामाजिक विकास, शिक्षा, स्वास्थ्य, कृषि, सरसफाइ, वातावरण संरक्षण, विपद् व्यवस्थापन लगायतका विविध विषयमा नागरिकलाई जानकारी गराउनुका साथै उनीहरूका सुझाव, गुनासा र अपेक्षालाई प्रत्यक्ष रूपमा सम्बोधन गर्ने प्रयास गरिएको छ ।

यसै व्यवस्थाअनुसार चालु आर्थिक वर्षको दोश्रो चौमासिक अवधिमा नगरपालिकाले सञ्चालन गरेका योजना, आयोजना तथा सम्पन्न गरेका समग्र विकास तथा सेवा प्रवाहसम्बन्धी गतिविधिहरूको समीक्षा, जानकारी आदानप्रदान तथा नागरिकसँग प्रत्यक्ष अन्तरक्रिया गर्ने उद्देश्यले सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको हो । उक्त कार्यक्रममा नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय

अधिकृत, विभिन्न शाखाका प्रमुखहरू, जनप्रतिनिधिहरू, सरोकारवाला निकाय, नागरिक समाज, सञ्चारकर्मी तथा स्थानीय नागरिकहरूको सक्रिय सहभागिता रहेको थियो ।

सार्वजनिक सुनुवाई कार्यक्रमको प्रभावकारी सञ्चालन, सहजीकरण, व्यवस्थापन तथा प्राविधिक सहयोगका लागि मोक्ष मिडिया प्रा।लि।लाई जिम्मेवारी प्रदान गरिएको थियो । सोही संस्थाको सहकार्य तथा प्राविधिक सहयोगमा कार्यक्रम व्यवस्थित रूपमा सञ्चालन गरिएको हो । कार्यक्रममा उठाइएका प्रश्न, सुझाव, गुनासा, प्राप्त प्रतिक्रियाहरू तथा सम्बन्धित पक्षबाट दिइएका जवाफ र प्रतिबद्धताहरूलाई समेटेर तयार गरिएको विस्तृत विवरण यस प्रतिवेदनमा समावेश गरिएको छ ।

## २. सार्वजनिक सुनुवाईको औचित्य

शंखरापुर नगरपालिकाको सार्वजनिक सुनुवाई कार्यविधि, २०७९ मा व्यवस्था भएअनुसार नगरपालिकाको नगरसभाबाट विनियोजित बजेट, स्वीकृत नीति तथा कार्यक्रममार्फत सञ्चालन गरिएका योजना, आयोजना, सेवा प्रवाह तथा सम्पादन भएका कार्यहरूको बारेमा नागरिकसमक्ष जानकारी प्रस्तुत गर्दै सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्नुपर्ने प्रावधान रहेको छ । उक्त कार्यविधिले स्थानीय सरकारलाई जनताप्रति थप उत्तरदायी, पारदर्शी र जवाफदेही बनाउने उद्देश्य लिएको छ ।

यसै कानुनी व्यवस्था तथा सुशासनको सिद्धान्तलाई आत्मसात गर्दै शंखरापुर नगरपालिकाले आर्थिक वर्ष २०८२/०८३ को दोस्रो चौमासिक अवधिमा सञ्चालन भएका विकास निर्माणका कार्यहरू, पूर्वाधार निर्माण, सामाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाइ, कृषि, वातावरण संरक्षण लगायतका विभिन्न कार्यक्रम तथा नगरपालिकाबाट स्थानीय बासिन्दाहरूलाई प्रदान गरिएका सेवा सुविधाहरूको समग्र अवस्थाबारे जानकारी गराउने उद्देश्यले सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरेको हो ।

यस कार्यक्रममार्फत सेवाग्राही नागरिकहरूबाट नगरपालिकाले प्रदान गरिरहेका सेवा तथा सञ्चालन गरिएका योजनाप्रति प्राप्त प्रतिक्रिया, सुझाव, जिज्ञासा तथा गुनासाहरू प्रत्यक्ष रूपमा संकलन गरिएको छ । साथै, आगामी दिनमा सेवा प्रवाहलाई अझ प्रभावकारी, सहज, गुणस्तरीय तथा नागरिकमैत्री बनाउन आवश्यक सुधारका क्षेत्रहरू पहिचान गर्दै त्यसका लागि चाल्नुपर्ने नीतिगत तथा व्यवहारिक कदमहरूको विषयमा समेत छलफल गरिएको छ । सार्वजनिक सुनुवाईले स्थानीय सरकार र नागरिकबीच प्रत्यक्ष संवादको वातावरण सिर्जना गर्नुका साथै विकास निर्माण तथा सेवा प्रवाह प्रक्रियामा नागरिक सहभागिता अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेलेको छ ।

यस्ता सार्वजनिक सुनुवाई कार्यक्रमहरूले कानुनी शासन, सामाजिक उत्तरदायित्व, पारदर्शिता तथा सार्वजनिक जवाफदेहिताको अभ्यासलाई संस्थागत गर्न महत्वपूर्ण सहयोग पुर्‍याउने गर्दछन । नागरिकका प्रश्न, गुनासा तथा सुझावप्रति सम्बन्धित पदाधिकारी र कर्मचारीहरू प्रत्यक्ष रूपमा

जवाफदेही बन्ने भएकाले यसले जनविश्वास अभिवृद्धि गर्नुका साथै स्थानीय सरकारप्रतिको नागरिकको अपनत्व र सहभागितालाई समेत मजबुत बनाउने कार्य गर्दछ ।

यसका अतिरिक्त सार्वजनिक सुनुवाई कार्यक्रमले नागरिकको सूचनाको हकलाई व्यवहारमा कार्यान्वयन गर्ने प्रभावकारी माध्यमको रूपमा समेत काम गरेको छ । नगरपालिकाले सञ्चालन गरेका कार्यक्रम, बजेट खर्च, योजना कार्यान्वयनको अवस्था तथा सेवा प्रवाहसम्बन्धी विवरण नागरिकसमक्ष खुला रूपमा प्रस्तुत गरिनुले पारदर्शिता प्रवर्द्धन गर्नुका साथै सुशासन कायम गर्न समेत सकारात्मक योगदान पुगेको छ ।



*सार्वजनिक सुनुवाई कार्यक्रमका सहभागीहरु*

## ३. सार्वजनिक सुनवाई कार्यक्रमको उद्देश्य :

यस कार्यक्रमको मुख्य उद्देश्य शंखरापुर नगरपालिकाबाट आव २०८२/०८३ को दोश्रो चौमासिक अवधिमा नगरपालिकाका बासिन्दाहरुलाई पुऱ्याएको सेवा सुविधा तथा सम्पादन गरिएका कार्यहरुको विषयमा जनताहरुको प्रतिक्रिया तथा गुनासोहरुलाई व्यवस्थापन गर्नु हो । यस कार्यक्रमका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका थिए ।

१. जनताका गुनासोहरु सुन्नु ।

२. जनताको समस्यामा छलफल गर्नु ।

३. नगरपालिकामा पहिलो चौमासिक अवधिमा गरिएका कामहरुको मूल्यांकन गर्नु ।

४. आगामी दिनहरुमा नगरपालिकाले सुधार गर्नुपर्ने क्षेत्रहरुको पहिचान र सुझाव प्राप्त गर्नु ।

५. कार्यक्रमबाट अपेक्षा गरिएका उपलब्धि

४. कार्यक्रमबाट भएका उपलब्धिहरु ।

(क) नगरपालिका र नगरबासी बीचको सम्बन्ध अझ राम्रो हुनेछ ।

(ख) आयोजना सञ्चालन र सेवा प्रवाह गर्दा देखिएका राम्रा र नराम्रा दुवै पक्षको कार्य मूल्यांकन हुने छ ।

## ४.जवाफदेही वक्ताहरु :

- शंखरापुर नगरपालिकाका नगर प्रमुख श्री रमेश नापित
- शंखरापुर नगरपालिकाका नगर उप-प्रमुख श्री समिता श्रेष्ठ
- शंखरापुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री चुरामणी पन्थी
- शंखरापुर नगरपालिकाका वडा नं. २ का वडा अध्यक्ष श्री रणबहादुर तामाङ
- शंखरापुर नगरपालिकाका वडा नं. ६ का वडा अध्यक्ष एवं नगरप्रवक्ता श्री राधाकृष्ण श्रेष्ठ
- सीतादेवी गुरागाई, प्रमुख कृषि शाखा, शंखरापुर नगरपालिका

## शाखा प्रमुखहरु

- महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख, निर्जला अधिकारी चुडाल
- कृषि विकास शाखा प्रमुख, सीतादेवी गुरागाई
- शिक्षा शाखा प्रमुख, हेमन्त कुमार बुढाथोकी
- प्रशासन तथा सूचना शाखा प्रमुख, सुभद्रा पुडासैनी

- पशु शाखा प्रमुख टंकबहादुर कटुवाल
- आर्थिक प्रशासन शाखा प्रमुख गोविन्द प्रसाद अधिकारी
- जिन्सी शाखा प्रमुख श्री सुवोध थापा
- नगर प्रहरी बल प्रमुख श्री आङकाजी शेर्पा, लगायतका व्यक्तित्वहरु



*(प्रश्नहरुको जवाफ दिनुहुँदै नगरप्रमुख रमेश नापित)*

## ५. सार्वजनिक सुनवाई कार्यक्रमको विवरण

(क) सार्वजनिक सुनुवाई कार्यक्रम आयोजक : शंखरापुर नगरपालिका, साँखु, काठमाडौं ।

(ख) सार्वजनिक सुनुवाई संयोजन गर्ने संस्था र व्यक्तिको नाम, ठेगाना : मोक्ष मिडिया प्रा. ली. काठमाडौं ।

(ग) सार्वजनिक सुनुवाई कार्यक्रम भएको मिति : २०८३ साल बैशाख १५ गते

(घ) सार्वजनिक सुनुवाई कार्यक्रम भएको स्थान : शंखरापुर नगरपालिका वडा नं. २ पटाप, काठमाडौं ।

(ङ) सार्वजनिक सुनुवाई कार्यक्रम भएको समय : विहान ११ बजे देखि दिउसो ३ बजे सम्म ।

(च) कार्यक्रम सञ्चालन गरिएको समयावधि : ४ घण्टा

(छ) कार्यक्रममा सहभागी संख्या : ८० जना

(ज) कार्यक्रमको अध्यक्षता : शंखरापुर नगर प्रमुख रमेश नापित

(झ) नागरिक प्रतिवेदन सर्वेक्षणको सहभागी संख्या : १०० जना

(ञ) बहिर्गमन अभिमत सर्वेक्षणको सहभागी संख्या : १०० जना

(ट) नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत सम्पादन : मोक्ष मिडिया प्रा.ली.काठमाडौं ।



*(प्रश्नहरुको जवाफ दिनुहुँदै शंखरापुर नगर उप-प्रमुख समिता श्रेष्ठ)*

## ६. सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिएका प्रतिवेदनहरु :

(क) नागरिक प्रतिवेदन सर्वेक्षण

(ख) नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत

(ग) नगरपालिका प्रगति विवरण

## ७. सार्वजनिक सुनुवाईमा छलफल गरिएका विषयवस्तुहरु :

सडक पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य, सरसफाइ, खानेपानी, सूचना, रोजगार, कृषि क्षेत्र, नगरपालिकाको भौत्तिक पूर्वाधार तथा विकास निर्माण, आय-व्ययको अवस्था ।

## ८. सार्वजनिक सुनवाई कार्यक्रममा भएको उपस्थिति

शंखरापुर वडा नम्बर २ पटापको शारदा मावि भवन परिसरमा गरिएको कार्यक्रममा २०८२/०८३ को दोश्रो चौमासिक अवधिमा सम्पादन गरिएका विकास निर्माण कार्य र नगरपालिकाले पुऱ्याएको सेवा सुविधाका बारेमा सार्वजनिक सुनुवाई गरिएको थियो । नगरपालिकाका सम्पूर्ण बस्तीहरु, टोल विकास संस्थाका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, उपभोक्ता समिति, सामुदायिक विकास संस्था, विद्यालयका शिक्षकहरु, सहकारीका प्रतिनिधिहरु, व्यावसायीहरु, शिक्षक, बुद्धिजिवीहरु तथा नगरपालिकाका विषयगत शाखाका कर्मचारीहरुलाई आमन्त्रण गरिएको थियो । सो मध्येका सबै प्रतिनिधी गरी उपस्थित सबै ८० जनाको उपस्थिती भएको थियो, जसको विवरण अनुसूचीमा दिइएको छ ।



*(प्रश्नहरुको जवाफ दिनुहुँदै प्रमुख प्रसाशकीय अधिकृत चुरामणी पन्थी)*

## ९. सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन शत्र

सार्वजनिक सुनुवाई कार्यक्रम ३ शत्रमा सञ्चालन भएको थियो ।

(क) नगरपालिकाको तर्फबाट 'पहिलो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम प्रगति विवरण' प्रस्तुत

(ख) नागरिक प्रतिवेदन र बर्हिगमन अभिमत संकलन तथा प्रतिवेदन

(ग) प्रश्नोत्तर र अर्न्तक्रिया

(घ) समापन

कार्यक्रमको पहिलो शत्रअघि राष्ट्रिय गान, नगरगाथा, अतिथि आशन ग्रहण लगायतका कार्यक्रम भएको थियो :

मिति : २०८३-०१-१५ गते

कार्यक्रम प्रस्तोता : शम्भु दंगाल

## पहिलो सत्र-२ घण्टा

(क) अध्यक्षता ग्रहण : शंखरापुरका नगर प्रमुख श्री रमेश नापित ज्यू

(ख) पदाधिकारीहरुको आसन ग्रहणको कार्यक्रम : नगर उपप्रमुख श्री समिता श्रेष्ठ ज्यू, प्रमुख प्रशासकिय अधिकृत श्री चुरामणी पन्थी ज्यू, नगरपालिकाका विभिन्न शाखाका प्रमुख ज्यू ।

ग) शंखरापुर नगरपलिकाका  सबै वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुबाट आसन ग्रहण ।

घ) नगरपालिकाका वडा नं. १ देखि ९ सम्मका सबै वडा सदस्यज्यूहरुबाट यथा स्थानमा आसन ग्रहण ।

ङ) राजनैतिक दलका प्रमुख एंवम प्रतिनिधिज्यूहरुलाई आसन ग्रहण :

नेपाली कांग्रेश : पुरुषोत्तम चौलागाई, तरुण दल केन्द्रीय सदस्य

नेकपा एमाले : अनुपस्थित

नेपाली कम्युनिष्ट पार्टी  : पूर्णबहादुर तामाङ

राष्ट्रिय स्वतन्त्र पार्टी : दिनेश दंगाल, वडा सचिव

नगरपालिकाका विभिन्न विषयगत शााखा-उपशाखाका प्रमुख एव कर्मचारीहरु, सबै वडाका वडा सचिवहरु, नगरपालिकाका सबै कर्मचारीहरु ।

सहभागी पत्रकारहरु :

१. लावण्य सन्देश अनलाइन मिडिया

२. नयाँ पोष्ट डटकम, अजय पोखरेल

३. मोक्ष मिडिया, शम्भु दंगाल

**रा**ष्ट्रियगान : सामुहिक

शंखरापुर गाथा : सामुहिक

**सार्वजनिक सुनुवाई कार्यक्रमका प्रमुख ३ सत्रबारे संक्षिप्त चर्चा :**

**(क) नगरपालिकाको तर्फबाट 'पहिलो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम प्रगति विवरण' प्रस्तुत**

सार्वजनिक सुनुवाई कार्यक्रमको पहिलो सत्रमा शंखरापुर नगरपालिकाको तर्फबाट दोश्रो चौमासिकसम्म भए गरेका प्रगति विवरण सार्वजनिक गरिएको थियो । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री चुरामणी पन्थीले आर्थिक वर्ष २०८२/०८३ को दोश्रो चौमासिक सम्मको

प्रगति समिक्षा एवम् खर्च, नगरपालिकाका विभिन्न शाखाहरुबाट भएका कार्यसम्पादन लगायतका विषयमा जानकारी गराउनुभएको थियो ।

**ख) नागरिक प्रतिवेदन र बर्हिगमन अभिमत संकलन तथा प्रतिवेदन प्रस्तुती :** कार्यक्रमको दोश्रो सत्रमा सार्वजनिक सुनुवाईका लागि स्थलगत रुपमा तथ्याङ्क संकलन गरी प्राप्त नतिजाको आधारमा तयार पारिएको प्रतिवेदन प्रस्तुत गरिएको थियो । सार्वजनिक सुनुवाई संचालनको क्रममा नागरिकहरुबाट अभिमत लिई नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत लिई सो को प्रतिवेदन प्रस्तुत गर्नुपर्ने व्यवस्था रहेको छ ।

स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधिले तय गरेको ढाँचा अनुसार नागरिक प्रतिवेदन र नागरिक अभिमत सहकर्ता संस्था स्वयंले संकलन गरि प्रतिवेदन तयार गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रममा सरोकारवाला पक्षहरुलाई त्यसबारे जानकारी गराईएको थियो । कार्यविधीको अनुसुची २ बमोजिमको नागरिक प्रतिवेदन (Citizen Report Card) र अनुसुची ३ बमोजिमको बर्हिगमन अभिमत (Exit Poll) सेवा प्रवाह सम्बन्धित गरिएको अध्ययन बाट प्राप्त भएको विवरण अनुसार तयार पारिएको प्रतिवेदन प्रस्तुतीकरण गरिएको थियो ।




## (ग) प्रश्नोत्तर र अर्न्तक्रिया

सार्वजनिक सुनुवाई कार्यक्रमको तेश्रो चरणमा प्रश्नोत्तर गरिएको थियो । कार्यक्रमको सुरुवातमा सार्वजनिक सुनुवाई सहजिकरण गर्ने संस्था मोक्ष मिडिया प्रा.ली.का तर्फबाट कार्यक्रम संचालक शम्भु दंगालबाट सार्वजनिक सुनुवाईका क्रममा पालन गर्नुपर्ने आचारसंहिताको प्रस्तुती गर्नुभएको थियो । जुन यसै प्रतिवेदनको अनुसुचीमा समावेश गरिएको छ । त्यसपछि उहाँले नागरिक प्रतिवेदन र बर्हिगमन अभिमत संकलन तथा प्रतिवेदन र स्थानीयको समस्याहरुको भिडियो सामग्री प्रस्तुत गर्नुभएको थियो ।

अचार संहिता, सार्वजनिक सुनुवाई कार्यक्रमको अनुशासन र शैलीबारे जानकारी गराएपछि कार्यक्रम सञ्चालकबाट फ्लोर ओपन गरिएको थियो । त्यसपछि कार्यक्रममा सहभागीहरुले नगरप्रमुख रमेश नापित, उपप्रमुख समिता श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत चुरामणी पन्थी लगायतलाई सहभागीहरुले प्रश्न गरेका थिए ।



**कार्यक्रममा सहभागीहरुले उठाएको प्रश्नको जवाफ सम्बन्धित जनप्रतिनिधि तथा कर्मचारीले दिएका थिए । कार्यक्रममा उठेको प्रश्न, जवाफ तथा सुझावहरु :**

| क्र. सं. | प्रश्नकर्ताको नाम र ठेगाना | प्रश्नहरु | जवाफदेही वक्ता | जवाफ |
|---|---|---|---|---|
| १. | **कर्साङ तामाङ, वडा नं.२** | उपभोक्ता समितिको गठन कसरी गरिन्छ ? कहाँ गठन भयो, सरोकारवाला नागरिकलाई जानकारी दिनु पर्दैन ? उपभोक्ता समितिले काम गरेको ठाउँमा सूचना बोर्ड किन राखिँदैन ? बजेट कति आयो कहाँ खर्च भयो ? त्यसको सुनुवाई किन हुँदैन । पटापको लामा टोलका जनताले कर तिरेका छैनन ? यदि कर तिरेका छन् भने उनीहरुका लागि कहाँ कति विकास भयो ? यसको स्पष्ट जानकारी दिईयोस । | **चुरामणी पन्थी, प्रमुख प्रशासकीय अधिकृत** | उपभोक्ता समितिको सर्न्दभमा दर्ता भएको उपभोक्ता समिति स्थाई प्रकृतिको हुन्छ । उसले अडिट रिर्पोटपनि बुझाउनुपर्ने हुन्छ । त्यस्तो समितिलाई आफ्नो क्षेत्राधिकारभित्र काम गर्नका लागि ठ्याक्कै लिमिटेशन तोकेको छैन । त्यस्तै टोल सुधार समितिहरु पनि छन्, उनीहरुले पनि आफ्नो क्षेत्रभित्र काम गर्न सक्छन् । एउटै समयमा एक भन्दा बढी उपभोक्ता समितिमा एउटै व्यक्तिलाई नराख्ने भन्ने हाम्रो अवधारणा हो । अहिले कतिपय स्थानमा उपभोक्ता समितिमा बस्न चाहने मान्छे नै भेट्न नसकेको पनि अवस्था छ । एउटा उपभोक्ता समितिको काम सकेपछि अर्को व्यक्ति दोहोरिने पनि हुन सक्छ । दर्ता भएको उपभोक्ता समितिले आफ्नो कार्यक्षेत्र भित्र मात्र काम गर्न सक्ने हुन्छ ।<br>वडा नंबर २ मा कतिवटा योजना छन्, कति सम्पन्न भए भन्ने प्रश्न गर्नुभयो । सबै वठाका योजना र कहाँ कति काम भयो अफिसको कम्प्युटरमा रेकर्डडेट छन्, यहाँले कार्यालय समयमा फोनबाट जानकारी मागे २ मिनेटमित्रै सबै जानकारी गराउँछौ । |
| | | | **रमेश नापित प्रमुख** | बाटो लगायतका विकासका पूर्वाधर निर्माण गर्दा सुचना पाटी राख्नुपर्छ भनेर हामीले उपभोक्ता समिति तथा ठेकेदारहरुलाई बेला बेलामा निर्देशन समेत दिँदै आएका छौं । नाङ्ले-पटाप सडकलाई ध्यान नदिइएको हो कि भन्ने गुनासो आएको छ, त्यस्तो होइन, शंखरापुर नगरपालिकाका सबै सडकहरुलाई हामीले उत्तिकै प्राथमिकता दिएका छौं । सोही अनुसार हामीले विभिन्न स्थानमा पूर्वाधार निर्माणको |

| | | | | |
|---|---|---|---|---|
| | | | | काम गरिहरेका छौं । पटापकै विभिन्न आयोजनाहरु निर्माणका लागि संघ र प्रदेशबाट हामीले बजेट माग गरेका छौं । अहिले मुख्य रुपमा धारापानी पटाप सडक बनिरहेको छ । हिजोसम्म यहाँको सडकको अवस्था मोटरसाइकल त के मान्छेसमेत हिड्न अप्ठेरो अवस्था थियो । पछि परेका ठाउँहरुलाई अगाडि बढाउँने हाम्रो लक्ष रहेको छ, त्यसका लागि हामीले ठूलो मिहेनत गरेका छौं । हामी तपाईले उठाउँनुभएका विषयहरुलाई पूरा गर्छौं । बाटोघाटो मात्र नभई यहाँका अरु समस्याहरु पनि कसरी सुल्झाउँने भनेर लागिपरेका छौं । |
| २. | **जयराम श्रेष्ठ, वडा नं. ६** | साँखु खानेपानी मुहान क्षेत्रमा निर्माण हुन लागेको पिकनिक स्पट नियन्त्रण गर्नु भनेर २०८२ चैत ३० गते निवेदन दिएका थियौ । सो निवेदन पछि शंखरापुर नगरपालिकाको हलमा २०८३ बैशाख ७ गते व्यापक छलफल गरी जहरसिंहपौवा वन उपभोक्ता समूहबाट निर्माण हुन लागेको पिकनिक स्पट तत्काल बन्द गर्ने भनेर निर्णय भएको थियो । इलाका वन प्रमुखबाट पनि रोक लगाउन भनेको बेला नगरपालिकाबाट भने तत्काल रोक लगाउन भन्दापनि निर्माण सम्पन्न गर्न भनेको जस्तो भयो । त्यहाँ ४ वटा पिकनिक स्पट निर्माण सम्पन्न भइसकेको छ । नगरपालिकासँग आग्रह गर्न चाहन्छु, पानीको विकल्प छैन त्यसकारण साँखु खानेपानीको मुहान क्षेत्रमा निर्माण भएको पिकनिक स्पट हटाईदिन अनुरोध गर्दछु । | **रमेश नापित**<br>**प्रमुख** | साँखु खानेपानीको विषयमा जहरसिंहपौवामा एउटा पिकनिक स्पट बन्न लागेको थियो, त्यसमा विवाद आएपछि हामी सबै बसेर छलफल गर्‍यौं । नगरपालिकामा सबै पक्षलाई बोलाएर उनीहरुको राय सल्लाह पनि लियौं । साँच्चै खानेपानीलाई असर परेको छ भने त्यसलाई रोक्नुपर्छ भन्ने हाम्रो पनि चाहना हो । त्यसले असर गर्छ कि गर्दैन भनेर अध्ययन गर्नका लागि एउटा विज्ञ टोली बनाउँनुपर्छ भनेर त्यसले दिएको प्रतिवेदन सल्लाह सुझावका आधारमा निर्णय गर्छु भनेर दुबै पक्षलाई रोकेका हौं । नगरपालिकाको तर्फबाट त्यहाँ भइरहेको काम तत्कालका लागि रोक्ने काम भएको छ । |

| | | | | |
|---|---|---|---|---|
| ३. | **पूर्णबहादुर तामाङ, वडा नं. २** | लामाटोलको ६६ घरधुरीका लागि खानेपानी आयोजनाका लागि ३ करोड डिपिआर कहाँ पुग्यो ? बहुवर्षीय आयोजनामा पछिल्लो समय किन बजेट कतौटी गरिरहनुभएको छ ?<br><br>नाङ्ले पटाप सडक खण्डलाई किन वेवास्था गरियो ?<br>स्कूलको अगाडि पर्खाल लगाउँनुपर्नेमा किन व्यक्तिको घरअगाडि चिन्ने काम भयो वडाध्यक्षज्यू ? पटापको स्वास्थ्य केन्द्रमा बर्थिङ सेन्टर स्थापना गर्नुपर्नेमा किन अझै सुरु भएन ? रासायनिक मल वितरणलाई किन प्रभावकारी बनाइएन ? | **रनबहादुर तामाङ अध्यक्ष वडा नं.२**<br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br>**रमेश नापित प्रमुख** | लामाटोल खानेपानी आयोजनाको ट्याङ्की निर्माण भइसकेको छ । पाइप जडान भइसकेको छ, घर-घरमा धारा जडान गर्ने काम पनि भइसकेको छ । तपाईपनि समितिमा अध्यक्ष हुनुहुन्थ्यो । खानेपानी आयोजनाको डिपिआर बारे त मलाई थाहा भएन, त्यहाँ सञ्चालन हुने योजनाहरु अपुरो रहेकोमा त्यसलाई पूर्ण गर्ने भनेर नगरपालिकाको नियम अनुसार नगरप्रमुख, उपप्रमुख लगायत जनप्रतिनिधि र कर्मचारी सबै साथीहरु सहभागितामा योजना छनौट गरेर राखिएको थियो । योजना सम्पन्न भइसकेपछि खानेपानीको जिम्मेवारी उपभोक्ताले लिनुपर्ने हो । योजना निर्माण भइसकेपछि हस्तान्तरण हुनुपर्ने नियम नै रहेको छ । हाम्रो यहाँको योजना सम्पन्न भइसकेपछि एकवर्ष भित्रमा ५० हजारको पाइप र टुटेफुटेको सामान किन्न लागेछ । थुप्रै उपभोक्ताहरुले महिनाको सय रुपैयाँ तिरिसकेपछि त्यहाँ लाग्ने लागतको खर्च उहाँहरुले गर्नुभयो । अहिले ७९ वटै धारा सञ्चालनमा रहेको छ । खानेपानी आएपछि त्यसको स्वामित्व उपभोक्ताले नलिएको अवस्था छ ।<br>साविक ८ नंबर वडामा सबै काम सकिएको छ । अब दंगाल टोलमा बांकी रहेको छ । साविक ९ नंबरमा यही वर्षमा जोड्ने तयारीमा छौं । स्कूलमा पर्खाल लगाउँने काम तल्लो तहबाट लगाउँदै आइरहेका छौं । संघ, प्रदेश र नगरको बजेटबाट यो वर्षमा पुरै वडाका प्रत्येक घरमा खानेपानी पुर्‍याउँछौं ।<br>स्कूलमुनीबाट पर्खाल लगाउँन थालेका छौं, क्रमशः सो पर्खाल चिन्ने काम स्कूल अगाडिसम्म आइपुग्नेछ ।<br><br>नाङ्ले-पटाप सडकलाई ध्यान नदिइएको हो कि भन्ने गुनासो आएको छ, त्यस्तो होइन, शंखरापुर नगरपालिकाका सबै सडकहरुलाई हामीले उत्तिकै प्राथमिकता दिएका छौं । सोही अनुसार हामीले विभिन्न स्थानमा पूर्वाधार निर्माणको काम गरिहरेका छौं । पटापकै विभिन्न |

| | | | | |
|---|---|---|---|---|
| | | | | आयोजनाहरु निर्माणका लागि संघ र प्रदेशबाट हामीले बजेट माग गरेका छौं । अहिले मुख्य रुपमा धारापानी पटाप सडक बनिरहेको छ । हिजोसम्म यहाँको सडकको अवस्था मोटरसाइकल त के मान्छेसमेत हिड्न अप्ठेरो अवस्था थियो । पछि परेका ठाउँहरुलाई अगाडि बढाउँने हाम्रो लक्ष रहेको छ, त्यसका लागि हामीले ठूलो मिहेनत गरेका छौं । हामी तपाईले उठाउँनुभएका विषयहरुलाई पूरा गर्छौं । बाटोघाटो मात्र नभई यहाँका अरु समस्याहरु पनि कसरी सुल्झाउँने भनेर लागिपरेका छौं । |
| ४. | **विजयकृष्ण श्रेष्ठ वडा नं. ७** | शंखरापुर नगरपालिकामा बजेट कार्यान्वयन, सेवा प्रवाहबारे स्पष्ट तथ्याङ राख्न आग्रह गर्दछु । गत आर्थिक वर्षदेखि हालसम्म शंखरापुर नगरपालिका भित्र सडक खानेपानी, पुल बिद्यालय भवन, स्वास्थ्य चौकी, बिद्युत बिस्तार तथा सिंचाई योजनामा के कति प्रगति भएको छ ? कृपया वडागत विवरण सहित सार्वजनिक गरिदिनुहुन आग्रह गर्दछु । हालसम्म कति सडक ढलान, कालोपत्रे भयो, कतिवटा पुल, कल्भर्ट, बाटो निर्माण भयो, कति घरधुरीमा खानेपानी पुगेको छ ? कति स्थानमा सडक बत्ति जडान गरियो ? कति विद्यालय तथा स्वास्थ्य संस्थाको भवन निर्माण तथा मर्मत गरियो ? वडा नंबर १ देखि ९ सम्म योजनागत प्रगति कति छ ? संघीय सरकारबाट कति बजेट आयो ? आन्तरिक बजेट कति ? उपभोक्ता समितिबाट भएका योजना कति छन् र ठेक्का मार्फत भएका योजना कति छन् ? साँखु खानेपानी आयोजनाको | **चुरामणी पन्थी, प्रमुख प्रशासकीय अधिकृत** | नगरपालिकाले गर्ने हरेक गतिविधि, आम्दानी, खर्चको विवरण हामीले सार्वजनिक गरिरहेका हुन्छौं । हामीले हरेक त्रैमासिक पछाडि स्वतः प्रकाशन मार्फत जानकारी गराईरहेका हुन्छौं । मैले आज प्रस्तुत गरेको विवरण यसअघि पनि सार्वजनिक भएको छ, शिक्षामा कतिले छात्रबृत्ति पाए, के के काम भयो सबै वार्षिक समिक्षामा र त्रैमासिक प्रतिवेदनमा हामीले समावेश गरेका छौं । तपाईलाई नगरपालिकाले गरेको विवरण जुनसुकै बेला माग्न सक्नुहुन्छ, यो तपाईहरुकै नगरपालिका हो । वेवसाइटमा जानुभयो भनेपनि त्यहाँ धेरै विवरणहरु पाउन सक्नुहुन्छ । |

| | | | | |
|---|---|---|---|---|
| | | मुहान क्षेत्रमा पिकनिक स्पट बन्द गर्न आग्रह गर्दछु । | | |
| ५. | **रवि श्रेष्ठ, शंखरापुर वडा नं. ७** | चैत २८ गते आएको असिना पानीले शंखरापुरबासीको आलु र गहुँमा ठूलो क्षति पुऱ्याएको छ । त्यसको क्षतिपूर्ति कहिले पाइन्छ ? वडा नंबर ६ र ७ का सडकमा ढुङ्गा छपाईको काम भइरहेको छ, ईटा सोलिङमाथि नै किन ढुङ्गा छपाई गर्न लागिएको हो ? नगरपालिका किन टुलुटुलु हेरेर बसिरहेको हो ? | **सीता गुरागाँई कृषी शाखा प्रमुख**<br><br>**रमेश नापित प्रमुख** | वडा नंबर ६ र ७ बाट आएको २६४ वटा फाइल कृषि विकास कार्यालय ललितपुरमा पेश गरिएको छ । प्रदेश कार्यालय अन्तर्गतका क्षतिको बिमा नभएको हकमा सबै फाइल केलाएर, धनीपूर्जा, सक्कल प्रमाणपत्र पुगेको छ कि छैन भनेर फाइल केलाईरहेको अवस्था छ । जिल्ला समन्वय समिति कृषि विकास कार्यालयले सबै रिर्पोट हेरिसकेपछि प्रदेश सरकारमा पुऱ्याउँछ । त्यसपछि उत्पादनमा भएको क्षतिको आधारमा के कति हुन्छ, निर्णय गरेर दिने भन्ने कुरा अहिलेसम्मको छ। तर त्यो कागजपत्रमा के के पुगेको छ छैन भनेर केलाईरहेको अवस्था छ । जस्तो एउटा किसानको आफ्नो नाममा भएको जग्गाको धनीपूर्जा छ, नागरिकता चाँही बुवाको हालेको छ र छोराको बैंक खाता हालेको छ भने त्यस्तो अवस्थालाई केलाएर फेरी कागजात माग्ने काम भइरहेको छ ।<br><br>चालु आवका लागि शहरी विकास मन्त्रालयबाट बस्ति विकास योजना अन्तर्गत साँखुको सम्पदा बस्तीलाई ३ करोड बजेट परेर ढुङ्गा सोलिङ गर्न लागेका छौं । हामीले प्राविधिकहरु बोलाएर त्यहाँ सर्भे गर्नपनि लगायौं । इष्टिमेट गर्न लगाउँदा त्यहाँको ईटा सोलिङमाथि गर्न लगाउँदा बलियो हुन्छ भन्ने बुझिसकेपछि हामीले त्यो हिसावले इष्टिमेट बनाएर अघि बढेका थियौं । तर ईटा सोलिङमाथि ढुङ्गा सोलिङ गरेको भनेर केही साथीहरुले अवरोध गर्नुभयो । उहाँहरुले किन अवरोध गर्नुभयो थाहा भएन । एक दुई वटा घरमा समस्या पर्ने भएपछि घरमा पानी नजानेगरी सोलिङ गर्ने भन्दापनि काम नै गर्न दिन्न भनेर उहाँहरुले अवरोध गर्ने काम गर्नुभएकोले ढिला भएको हो । अब वडा नं. ६ र ७ को वडाध्यक्षहरु बसेर त्यहाँका जनताहरुसँग छलफल गरेर त्यो कामलाई फेरी |

| | | | | |
|---|---|---|---|---|
| | | | | अगाडि बढाउँछौं । शहरी विकास मन्त्रालयलाई ईटा सोलिङमाथि ढुङ्गा सोलिङ गर्न स्थानीय जनताको बिरोध आएको छ, जनताको माग अनुसार काम गर्नका लागि उहाँहरुलाई पत्र लेखेर पनि पठाएको छु । |
| ६. | **शिवराम लामिछाने, वडा नं. २** | शंखरापुर २ पटापमा लगभग ६ सय घरधुरी छन्, त्यसमा लगभग ४ सय घरधुरी त किसान नै छन् । यहाँ यूरिया मलको कोटा जम्मा ६४ बोरा रहेको छ । यति थोरै मल आएपछि कसरी बाँढ्ने ? यहाँ जति बोरा मल आउँछ त्यसबारे वडाध्यक्ष देखि सबैलाई सार्वजनिक जानकारी गराएर वितरण गर्ने गरेका छौं । प्रत्येक वर्ष विभिन्न ठाउँमा धाएर ६ सय बोरासम्म मल ल्याएर वितरण गर्ने गरेका छौं तर जति राम्रो काम गरेपनि राम्रो काम गरेको देख्न नचाहने मान्छेहरु छन् । गत बर्ष ८ वटा कृषि औजार हाम्रो वडामा आएका थिए, पाउँने मान्छे खुसी हुन्छन्, नपाउँने दुखी हुन्छन् । रासायनिक मल पाउँन नेपाल सरकारको खातामा हामीले १ लाख २० हजार रुपैयाँ धरौटी राख्नुपर्ने हुन्छ । त्यसका लागि जसले शेयर राखेको हुँदैन उसैले मल पाइन भनेर गुनासो गर्ने गरेका छन् । | **चुरामणी पन्थी, प्रमुख प्रशासकीय अधिकृत** | हामीले जुनसुकै अनुदान दिनु अगाडि सार्वजनिक सुचना प्रकाशन गर्ने गरेका छौं । सूचना प्रकाशन गरिसकेपछि त्यहाँ आएका प्रस्तावहरु मध्ये योग्यता पुगेका प्रस्तावहरु मध्येबाट छनौट गरेर दिने गरेका छौं । कुनै सेक्टरल विषयमा तपाईको जिज्ञाशा भएमा त्यसलाई हल गर्न सक्छौं ।<br>रासायनिक मल वितरणमा हामीलाई जति कोटा आउँछ त्यो कोटा मध्ये यहाँ जति संस्थाले अनुमति लिनुभएको छ, ति संस्थाहरुलाई दामासायी गरेर दिने गरेका छौं । कति मल आएको छ त्यसबारे नगरपालिकाको वेवसाइट र फेसबुकबाट पनि सार्वजनिक गर्छौं । हामीसँग पूर्ण विवरण छ जति तपाईलाई चाहिन्छ त्यति हामी दिन्छौं । |
| | | बाँदर र बँदेलले दुःख दिने गरेका छ, त्यसका लागि नगरपालिकाले कृषि विमा कार्यक्रम राख्दा के होला ? यसो भयो भने खेती बाँझो राख्ने कुराको अन्त्य हुन्थ्यो कि जस्तो लाग्छ । हाम्रो | **सीता गुरागाँई कृषी शाखा प्रमुख** | बाँदर र बँदेलको बारेमा आजभन्दा ३ वर्षअघि कार्यक्रम गरेर किसानहरुलाई सूचीकृतपनि गरेका छौं । पशुबिमा तुरुन्तै गर्ने तर कृषि विमा गर्नचाँही किसानहरुले पनि हिचकिचाई रहेको अवस्था छ । बाँदर र बँदेलले गरेको क्षतिका लागि डिभिजन बन कार्यालय किसानको क्षति |

| | | | | |
|---|---|---|---|---|
| | | यो वडामा अधिकांश कृषकको आयस्रोत भनेकै दुध बिक्री हो, त्यसका लागि नगरपालिकाले अर्को वर्ष उन्नत जातका गाई भैसी वितरण गर्ने कार्यक्रम राखे अझ राम्रो हुन्थ्यो । बेला बेला बाली शिविर पनि राखिदिनुहोला । साथै यहाँ उत्पादित कृषि सामग्रीका लागि उचीत बजारको व्यवस्था गर्नका लागि पनि अनुरोध गर्दछु । | | भएको कागजात र मुचुल्काको आधारमा हामीले मूल्याङ्कन गरेपछि उहाँहरुले एकजना किसान बराबर उहाँहरुले १० हजार बराबरको निर्णय गरेर दिईरहनुभएको अवस्था छ । कुनै निवेदन आएको खण्डमा हामी नियमन गरेर डिभिजन बन कार्यालयमा पठाउँछौं । अघिल्लो वर्ष २३ जना कृषकहरुले १० हजार रुपैयाँको दरले क्षतिपूर्ति पाउँनुभएको थियो । |
| ७. | **नवराज श्रेष्ठ, प्रधानाध्यापक, शारदा मावि** | गत आर्थिक वर्षको अन्त्यमा हाम्रो विद्यालयका लागि २ वटा स्मार्ट बोर्ड दिने भनेर नगरपालिकाले भनेको थियो । त्यसबारे निर्णय भएर शिक्षा शाखामा पनि गइसकेर २ पटक ठेक्का प्रक्रियामा गएर पनि आउन सकेन । हामीले त्यसका लागि संवन्धित शाखामा पनि फलो गरिरहेका थियौं । अहिलेसम्म त्यसको व्यवस्था हुन सकेको त्यसको प्रक्रिया कहाँ पुग्यो होला ? | **चुरामणी पन्थी, प्रमुख प्रशासकीय अधिकृत** | स्मार्टबोर्डका लागि नगरबाट हामीले सबै प्रक्रिया पूरा गरेर २ पटकसम्म ठेक्का निकालेका थियौं । २ पटक नै त्यो सामान उपलब्ध हुने गरेर ठेक्का परेन । तेश्रो चरणमा ठेक्कामा जान लाग्दा युद्धका कारण सामानहरु धैरै महंगो भएर आएको छ । स्पेसिफिक घटाएर ठेक्का निकाल्न खोज्दा समानको मुल्य डेढगुणा सम्म बढेको पाइयो । यो आर्थिक बर्षमा रकम बढाएर ठेक्का निकाल्न सक्ने अवस्था भएन । नयाँ आर्थिक बर्ष सुरु भएपछि नयाँ दररेट पनि कायम हुन्छ र पूर्ण बजेट व्यवस्था गरेर दशैअघिसम्म बिद्यालयलाई स्मार्ट बोर्डको व्यवस्था गर्नेछौं । |
| ८. | **शान्ति मोक्तान, वडा नं. ४** | सार्वजनिक सुनुवाई कार्यक्रममा यहाँका जनताहरुको कम सहभागिता र कर्मचारीको सहभागिता धैरै रहेको छ । त्यसमा पनि महिला सहभागिता कम देखिएको छ । यस्तो कार्यक्रममा महिला सहभागिता कसरी बढाउँन सकिन्छ ? त्यसका लागि हामीले के के गर्नुपर्छ ? धेरै महिलाहरु घरकै काममा व्यस्त हुने, यस्तो कार्यक्रमहरुमा आउन भन्दा मेरो त काम छ, म त जाँदिन भन्ने | **चुरामणी पन्थी, प्रमुख प्रशासकीय अधिकृत** | सार्वजसनिक सुनुवाई कार्यक्रममा कर्मचारी बढी भए भन्ने गुनासो आएको छ । हामीले सबै कर्मचारीलाई अनिवार्य उपस्थित हुन भन्ने गरेका छौं । कहिलेकाँही विभिन्न सरोकारवाला शाखाबाट जवाफ दिनुपर्ने हुन्छ, शाखाको जानकारी र विज्ञता हामीलाई नहुन सक्छ, स्वास्थ्यको जवाफ डाक्टरले दिनुपर्ला, कृषिको जवाफ कृषिविज्ञले दिनुपर्ला, भेटनरीको पश्न आउँदा पशुशाखाको कर्मचारीले जवाफ दिनुपर्ला त्यो हिसावले पनि यहाँहरुको सबै प्रश्नको हल गर्ने हिसावले कर्मचारीहरुलाई सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागिताको लागि अनुरोध गर्छौं । अरु जनसहभागिताको लागि हामी माइकिङ लगायत सामाजिक |

| | | | | |
|---|---|---|---|---|
| | | जुन अवस्था छ त्यसलाई कसरी हल गर्न सकिन्छ ? | | सञ्जालबाट जानकारी गराउँदै आएका छौं । त्यसका लागि यस्ता कार्यक्रममा सहभागिता बढाउँनका लागि सार्वजनिक सुनुवाई कार्यक्रममा बोल्नुपर्छ, आफूलाई लागेका कुरा भन्न पाइन्छ भनेर अरुलाई तपाईले पनि बोलाउन सक्नुहुन्छ । |
| ९ | **पूर्णबहादुर तामाङ** | सामुदायिक महिला भवन बाटो बनाउँने कामदारलाई दिइएको छ, त्यो कहिले हटाउँनुहुन्छ ? उपभोक्ता समितिमा एउटै परिवारका सदस्यहरु रहनु कत्तिको उचीत हो ? अघिल्लो आर्थिक वर्षमा वडा नं. २ मा कतिवटा योजनाहरु सम्पन्न भए, कतिवटा योजनाहरु सम्पन्न हुन बाँकी छ, ति विवरणहरु उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछु । | **रनबहादुर तामाङ अध्यक्ष वडा नं.२**<br><br>**चुरामणी पन्थी, प्रमुख प्रशासकीय अधिकृत** | सामुदायीक भवनको झ्याल-ढोका फेर्न भनेर हामीले भईपरी खर्चबाट काम गर्न लगाएका थियौं । सबै सरसफाई गरेर ढलान पनि गरिसकेका छौं, त्यसको झ्याल ढोका र रंगरोगनका लागि बजेट छुट्याएकोमा अहिले तत्कालका लागि बजेट अभाव रहेको छ । बाँकी काम अहिले नगर्ने भनेर नगरपालिकामा पनि कुरा भएकोले त्यो रोकिएको हो । सबै इस्टिमेट भएर काम अघि बढिसकेको थियो तर बजेटले काम रोकियो । अहिले त्यो भवनमा कोहीपनि बसेको छैन ।<br><br>वडा नंबर २ मा कतिवटा योजना छन्, कति सम्पन्न भए भन्ने प्रश्न गर्नुभयो । सबै वठाका योजना र कहाँ कति काम भयो अफिसको कम्प्युटरमा रेकर्डडेट छन्, यहाँले कार्यालय समयमा फोनबाट जानकारी मागे २ मिनेटमित्रै सबै जानकारी गराउँन सक्छौं । |
| १० | **सानुकान्छा तामाङ, वडा नं. २** | काम सम्पन्न भएपछि समयमा भुक्तानी नहुने समस्या रहेको छ । उपभोक्ता समितिले काम गर्दा सूचनापाटी राखेपनि गाउँकै मान्छेले च्यातेर फालिदिने गरेका छन् र सूचना देखिएन भनेर तिनै मानिसहरुले पनि प्रश्न उठाउँने गरेका छन् । हामीले बाझेर मनमुटाप गरेर विकासको काम अघि बढ्न सक्दैन, हाम्रो भन्ने अपनत्व राख्न आवश्यक छ । नगरपालिकाबाट आएको मल दामासायीमा वितरण गरिरहेका छौं, यहाँ खेतीबारी धेरै भएका | **चुरामणी पन्थी, प्रमुख प्रशासकीय अधिकृत** | योजना सकेपछि भुक्तानी हुन ढिला भएकोबारे मलाई जानकारीमा भएसम्म आजको दिनसम्म तीन चार महिना कटेको याद छैन । हिजो अस्ति १५ दिनसम्म हाम्रा आन्तरिक स्रोत अन्तगर्तका योजनाहरुको मालपोतबाट रकम प्राप्त नभएका कारण १५ दिनसम्म केही योजनाहरु होल्ड भएको हो । आजका दिनसम्म भुक्तानीका प्राप्त भएका योजनाहरु सबै भुक्तानी भइसकेको छ । जुन योजनाहरुको समयमै सम्झौता गर्नुभयो त्यस्ता योजनाहरुको समयमै भूक्तानी भईरहेको छ । ढिला सम्झौता गर्न आउँनेहरुका लागि हाम्रो आन्तरिक स्रोत, संघ र प्रदेशबाट आउन पर्ने रकमहरु हामीले सोचेजति प्राप्त नहुने भएकोले पहिले नै भुक्तानी ढिला हुन सक्छ है भनेर प्रतिबद्धता जनाएर सम्झौता गर्ने गरेका |

| | | | | |
|---|---|---|---|---|
| | | कारणपनि यहाँ मल नपुग्ने गरेको हो । | | छौं । यदी तपाईहरुको फाइल अड्केको अवस्थामा सिधै मलाई भेट्न सक्नुहुनेछ । |
| ११ | **ज्ञानी दंगाल, वडा नं. २** | विकास निर्माणको कामका लागि सबै समाज एकजुट हुनुपर्‍यो, बाटो बनाउँदा बारी भत्काएको छ, त्यसको पनि संरक्षण गर्नुपर्‍यो । विकास गर्दा जनतालाई दुःख दिने काम गर्नु भएन । | **रमेश नापित प्रमुख** | तपाईको सुझावका लागि धन्यवाद । |
| १२ | **तीर्था बुढा, शिक्षक** | एचपिभी खोप लगाउँदा २ जना शिक्षकलाई पनि काममा लगाउँनुभएको थियो । पछि पैसा आउँछ भनेर प्यान नंबर र खाता नम्बर पनि टिपेर लानुभएको थियो तर पैसा आएन, पैसा नै नआएको हो कि के भएको हो ? | **चुरामणी पन्थी, प्रमुख प्रशासकीय अधिकृत** | नगरपालिकाकै कर्मचारी वा शिक्षकले नगरपालिकासँग केही गुनासो भएमा त्यसका लागि सार्वजनिक सुनुवाई नै कुर्नुपर्दैन, सिधै नगरपालिकामा सम्पर्क गरेर पनि समस्या समाधान गर्न सकिन्छ । त्यो पैसा पाइने रैछ भनेर तपाईले पाउनुहुन्छ । |
| १३ | **मनोज दंगाल** | शंखरापुर २ लाई कृषि पर्यटन क्षेत्रको रुपमा विकास गर्न ठूलो संभाव्यत्ता रहेको छ । यहाँ धेरैजसोले गोरु जोतेर खेतबारीको काम गर्नुहुन्थ्यो तर पछिल्लो समय ट्याक्टर जोत्ने क्रम बढेको छ । हल गोरु भएकाहरुलाई अनुदान उपलब्ध गराईदिनुभयो भने कृषि पर्यटनलाई पनि सहयोग पुग्ने र हाम्रो परम्परापनि जोगिने थियो । | **रमेश नापित प्रमुख** | आउँदो आर्थिक वर्षमा हल गोरु पाल्ने किसानलाई अनुदान दिने व्यवस्था गर्छौं । तपाईको सुझावका लागि धन्यवाद |
| १४ | **कर्साङ लामा** | वास्तविक पहिरो पीडितका लागि नगरपालिकाले कसरी काम गर्छ ? कति जनाको निजी खेतमा पर्खाल लगाउँने काम भयो र कतिको बाँकी छ, स्पष्ट पार्नुहोस । | **रनबहादुर तामाङ अध्यक्ष वडा नं.२** | कसको कति पहिलो चिन्नुपर्ने, कसको के गर्नुपर्ने आइपर्ने सबै मैले गर्नुपर्ने हो । कसैलाई अप्ठेरो परेको छ भने मलाई भन्नुहोला, मैले गर्नुपर्ने कुनैपनि ठाउँमा बाँकी राख्ने छैन । सबैलाई दिनुपर्ने समस्यामा बराबर हुन्छ । तपाईको समस्या छ भने ल्याउँनुहोला । व्यक्तिगत कसैको के समस्या छ भने सबैको समाधान गर्न सकिदैन । |

**सार्वजनिक सुनुवाई गर्न अपनाइएका विधिहरु**

क) सार्वजनिक सुनुवाई कार्यविधि २०७७ को पुर्ण पालना

ख) नागरिक प्रतिवेदन, बहिर्गमन अभिमत

ग) सामाजिक परिक्षण

घ) स्थानिय मिडियाबाट प्रचार प्रसार

ङ) नगरबासी, टोलविकास संस्थाहरु, उद्योगी व्यवसायीहरु, शिक्षक बुद्धिजिवी, किसान, तथा विभिन्न संघ संस्थालाई कार्यक्रम बारे जानकारी

च) वृहत्त भेला तथा छलफल

**सार्वजनिक सुनवाई कार्यकमवाट भएका सिकाईहरु**

यस कार्यक्रमबाट देहायका कुराहरुको सिकाई भएको छ :

- सार्वजनिक सुनुवाईहरु बाट जनताको समस्यालाई नजिकैबाट बुझ्न सकियो ।
- सार्वजनिक सुनुवाइ कार्यकममा नगरबासीको उल्लेख्य उपस्थितिको लागि बृहत रुपमा प्रचार प्रसार गर्नु पने शिक्षा पाईएको छ ।
- यस प्रकारको सुनुवाईको व्यवस्था नियमित रुपमा हुँदा नगरपालिकाको कार्य सम्पादनमा सहयोग पुग्ने देखिन्छ ।
- यस प्रकारको कार्यक्रमले सही अर्थमा पारदर्शीता कायम गर्न सफल हुनेछ ।
- जनगुनासोहरुको सुनुवाई गर्ने उपयुक्त थलोका रुपमा सार्वजनिक सुनुवाईको माध्यम उपयुक्त हुने ।

**कार्यक्रमको सवल पक्षहरु :**

- नगरपालिकाका नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु सहभागितामा कार्यक्रम संचालन गरिएको ।
- आर्थिक गत आर्थिक वर्षको वार्षिक प्रगति समिक्षा र चालु आर्थिक वर्षको प्रथम चौमासिकको भौतिक तथा बित्तीय प्रगति प्रस्तुत गरिएको ।
- नागरिकहरुले गरेका प्रश्नहरुको जवाफदेही वक्ताहरुबाट चित्त बुझ्दो जबाफ दिईएको ।
- स्वतन्त्र सहजकर्ताको माध्यमबाट सार्वजनिक सुनुवाई संचालन भएको ।
- जनप्रतिनिधिहरुसँग सर्वसाधारण नागरिकहरुले हाक्काहाकी प्रश्नोत्तर गरेका ।
- नागरिकको सहभागीता बृद्धिको लागि सार्वजनिक सुनुवाई सम्बन्धि सुचना सामाजिक सञ्जालबाट प्रशारण तथा प्रकाशन गरिएको ।
- नागरिक प्रतिवदेन र बर्हिगमन अभिमत प्रस्तुत गरिएको ।

**सुधार गर्नुपर्ने पक्षहरु :**

- समय पर्याप्त राखी कार्यक्रमको प्रचार प्रसारमा ध्यान दिनु पर्ने ।
- वडा अध्यक्ष सहित नगर सभाका सबै जनप्रतिनिधिहरुलाई अनिवार्य सहभागी गराउनु पर्ने ।
- नगरपालिकामा नियमित तथा वडा स्तरमा समेत सार्वजनिक सुनुवाई संचालन गर्नुपर्ने ।
- कार्यक्रममा महिला सहभागिता बढाउनका लागि ध्यान दिनुपर्ने

**निश्कर्ष :**

शंखरापुर नगरपालिका नगर कार्यपालिका कार्यालयले आ.व. २०८२/०८३ को दोश्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम नेपाल सरकारको प्रचलित कानुन बमोजिम मिति २०८३/०१/१५ गते सम्पन्न गरेको हो । कार्यक्रम शारदा मावि पटाप परिसरमा व्यवस्थितरुपले सम्पन्न भयो ।

शंखरापुर नगरपालिकाको काम कारबाही, सेवा प्रबाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राही बीच हाक्काहाक्की प्रश्नोत्तर गराउने उद्देश्यले आयोजना गरिएको सार्वजनिक सुनुवाई प्रभावकारी रहको थियो ।

शंखरापुर नगरपालिकाको आयोजनामा सम्पन्न सार्वजनिक सुनुवाईमा नागरिकहरुले भूमि व्यवस्थापन, खानेपानी समस्या, सडक पूर्वाधार, शिक्षा, फोहर व्यवस्थापन, पर्यटन क्षेत्रको प्रबर्द्धन, संरक्षण र बिकास, राशायनीक मलको उपलब्धता लगायत विषयमा प्रश्न, चासो र जिज्ञासा सहित सुझाव दिएका थिए । नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, शाखा प्रमुख, पत्रकार लगायतको उपस्थितिमा संचालन गरिएको सार्वजनिक सुनुवाईमा स्थानीय नागरिकहरुको उल्लेख्य सहभागिता थियो ।

# उपस्थितहरु :

## शंखरापुर नगरपालिकाको सेवा प्रवाहका बारेमा सार्वजनिक सुनुवाई-२०८३

*मिति : २०८३ साल बैशाख १५ गते मंगलबार*

*समय : बिहान ११ बजे*

*स्थान : शंखरापुर नगरपालिका वडा नम्बर २, पटाप, काठमाडौं ।*

शंखरापुर नगरपालिका, काठमाडौंद्वारा चालु आ.व. २०८२/०८३ को दोश्रो चौमासिक अवधीसम्मको सेवा प्रवाह, विकास, निर्माण लगायत सार्वजनिक सरोकारका विषयमा शंखरापुर नगरपालिकाबाट आयोजित सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थिति :

| संख्या | नामथर | पद | आवद्ध संस्था | सम्पर्क नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | रमेश नापित | प्रमुख | शंखरापुर नगरपालिका | | |
| २ | समिता श्रेष्ठ | उप-प्रमुख | शंखरापुर नगरपालिका | 9851337379 | |
| ३ | चुरामणी पन्थी | प्रमुख प्रशासकीय अधिकृत | शंखरापुर नगरपालिका | | |
| 4 | राम बहादुर लामा | | | | |
| 5 | भरत कु. पौडेल | ना. सुब्बा | इलाका प्र. कार्यालय | | |
| 6 | रन बहादुर थिङ | वडा अध्यक्ष-२ | शंखरापुर-2 | 9851080463 | |
| 7 | निर्जला घुडाल | प्र.अ.वि.अ. | शंखरापुर न.पा. | ९८४१२०१२०० | |
| 8 | पुरुषोत्तम चोलागाँई | नेपाली कांग्रेस | शंखरापुर २ | ९८४१०९६६५० | |
| 9 | रमेश थापा | प्रहरी निरीक्षक | प्रहरी प्रभाग पाटी | ९८४१२८८००६ | |
| 10 | भुवन बिक्रम शाह | प्र.वन.नि. | डि.प्र. पुनरुत्थान | ९८४८६९८०६९ | |
| 11 | बिजय पौडेल | प्र.ब.ना.नि. | सा.प्र.से. केन्द्र सांखु | ९८४१९०६२२४ | |
| 12 | टेक बं. कट्टेल | फर्मासिस्ट | शं.न.पा. २ नं. | ९८४१०६२२४ | |
| 13 | किरण नापित | वडा सचिव-६ | | | |
| 14 | गोविन्द खतिवडा | ई.सं. | शं.न.पा. | ९८०११६४८८ | |
| 15 | प्रकाश सिंह साउद | वरिष्ठ इन्जिनियर | शं.न.पा. | ९८४१८९८९३२ | |
| 16 | ध्रुव प्रसाद ढुंगाना | वडा सचिव | वडा नं. १ | ९८६१४५४१०६ | |

| | नाम थर | पद | आबद्ध संस्था | सम्पर्क | हस्ताक्षर |
|---|---|---|---|---|---|
| 17 | प्रवीन ढंगाल | सब ई. वडा नं: २ | | | |
| 18 | विक्रम मल्ल | प्र.क.अ | वडा नं: २ | ९८४३३८६६११ | |
| 19 | राम कृष्ण ढंगोल | वडा - २ | २ | ९८४९८६०८२२१ | |
| 20 | शिव प्र ढंगाल | वडा सचिव | ६ | ९८४१३३८२४१ | |
| २१. | सानु कान्छा तामाङ | वडा संयोजक | २ | ९८६१९१-७० | |
| २२ | पुर्णिमा आचार्य | वि.व्यवस्थापन अध्यक्ष | २ | ९८६९१४८८६६ | |
| २३ | बुद्धि बलन्वार्ग | सामाजिक | ३ | ९८४१४००२५२ | |
| २४ | सुशिल रिमाल | वडा सचिव | ४ | ९८४१-४२५४१५ | |
| २५ | जगत प्रसाद आचार्य | " | ४ | ९८४४६०८५९ | |
| २६ | राजेश कार्की | से.नि.शि. | ७ | ९८६४६१२७४८ | |
| २६ | अनुप बस्नेत | प्रहरी नि | प्रहरी चौकी नाङ्लेभरे | ९८४९३४६६६६ | |
| २८ | मनोज तिवारी | का.प. | इं.नं.पा | ९८४५५१४४० | |
| २९ | स्वरोज श्रेष्ठ | प्र.ई | प्रहरी प्रभाग साँखु | | |
| ३० | राजन चक्रधर | साइड इन्चार्ज | कोटेश्वर इ स्याफ | ९८४१९८६३६९ | |
| ३१ | राजेन्द्र सुवेल | " | " | ९८४००४४३२५ | |
| ३२ | प्रह्लाद कड्काल | अ.म. | का.अ.वि. | ९८६६८०३४१८ | |
| ३३ | ज्ञानेन्द्र राज भट्टराई | का.स | शं न.पा | ९८४१२६२३५८ | |
| ३४ | प्रकाश पौडेल | सि.अ.हे.व | वडा - २ | ९८५११८३६६३ | |
| ३५ | अर्जुन चौलागाई | " | वडा - ५ | ९८४६६२३४२३ | |
| ३६ | आङ.छुल्टिम शेर्पा | अधिकृत | श.न.पा | ९८५६०३६६६६ | |
| ३७ | विक्रम ढकाल | नि.प्र.ना.नि. | शं न.पा. | ९८२९५१९८०६ | |
| ३८ | श्रीकृष्ण थापा | न.प्र.ना | शं न पा | ९८६४००३०८ | |
| ३९ | सुजन थापा | MIS operator | " | ९८४१६६३८८६ | |
| ४० | विमल बाबु कार्की | JT officer | " | ९८४३४५६१९१ | |
| ४१ | गोरखबेल तामा | स्वास्थ्य सचिव | " " | 9851087895 | |
| | | वडा | | ९८६३४२४१८५ | |

| | नाम | पद | आवद्ध संस्था | सम्पर्क | |
|---|---|---|---|---|---|
| ४२ | सोनल लामा | | | | |
| ४३ | टोपबहादुर कार्की | | | 9843973939 | [signature] |
| ४४ | कृष्णा पुजारी | | | 9768395541 | [signature] |
| ४५ | | व.स्वा.अ | शंखरापुर न.पा. | ९८४५०९०३६९ | [signature] |
| | लोक माया खड्का | अधिकृत | शंखरापुर नपा | 9844904781 | [signature] |
| ४६ | शान्ति मोक्तान | ने.प.ए.स S.M | ने.प.ए.स | 9861119161 | [signature] |
| ४७ | साजुमाया तामाङ | C.m | ने.प.ए.स | 9861198813 | [signature] |
| ४८ | सीता तामाङ | अ.न.मी | आ.स्वा.से.के. [illegible] | 9849844728 | [signature] |
